**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगाल विधानसभाका विपक्षी नेता सुवेन्दु अधिकारीले आरोप लगाएका छन् कि मुख्यमन्त्री ममता बनर्जीले सर्वोच्च अदालतमा दायर गरेको हलफनामा उहाँले सार्वजनिक रूपमा दिएको बयानसँग मेल खाँदैन।

- उच्च माध्यमिक चौथो सेमेस्टर परीक्षामा ठूलो बदलाव हुने|

- सिलिगुडी देवकोटा संघले जीटिए अनि दार्जीलिंग, कालेबुंग नगरपालिका सित मिलेर भारतीय संविधानमा हस्ताक्षरकर्ता अरिबहादुर गुरुंगको पुर्नाग सालिग निर्माण गर्ने भएको छ|
- आगलागीमा परि लिङिया मेरिबोङ ग्राम पन्चायतको वार्ड नम्बर २ को लम्बा धुरामा दुईवटा घर जलेर खरानी
- मौसम विभागले आज दिल्ली, पञ्जाब, हरियाणा, चण्डीगढए हिमाचल प्रदेश मध्य प्रदेश ,पश्चिम बंगाल र सिक्किममा आगामी २४घन्टामा बाक्लो कुइरो लाग्ने सम्भावना जनाएको छ |

**<u>आईपैक छापेमारी विवाद :</u>**

पश्चिम बंगाल विधानसभाका विपक्षी नेता सुवेन्दु अधिकारीले मंगलबार आरोप लगाएका छन् कि मुख्यमन्त्री ममता बनर्जीले सर्वोच्च अदालतमा दायर गरेको हलफनामा उहाँले सार्वजनिक रूपमा दिएको बयानसँग मेल खाँदैन। यो मुद्दा प्रवर्तन निर्देशनालय (ईडी) द्वारा दायर याचिकासँग सम्बन्धित छए जसमा कोलकातामा भारतीय राजनीतिक कार्य समिति (आईपीएसी) का सह-संस्थापक प्रतीक जैनको कार्यालय र निवासमा तलासीको क्रममा मुख्यमन्त्रीको कथित हस्तक्षेपको मुद्दा उठाइएको छ। मिडियासँग कुराकानिमा शुभेन्दु अधिकारीले भन्नु भयो ए श्जनवरी ८ मा छापा मारेको दिन मुख्यमन्त्रीले क्यामेरा अगाडि दाबी गरेका थिए कि उहाँले सबै कागजात आफूसँग राखेका थिए र ईडीका अधिकारीहरूलाई केही पनि लैजान दिएनन्। तर सर्वोच्च अदालतले

सर्वोच्च अदालतमा दायर गरिएको आफ्नो हलफनामामा मुख्यमन्त्रीले भन्नु भएको छ कि उहाँले ईडीका अधिकारीहरूको अनुमतिमा केही फाइलहरू आफूसँग लगेका थिए। विपक्षी दलका नेताका अनुसार यी दुई दाबी एक अर्काको विपरीत छन् । उहाँले मुख्यमन्त्रीले लगातार आफ्नै बयानको खण्डन गरिरहेको आरोप लगाउनु भयो । अधिकारीले भन्नु भयो ए श्जनवरी ८ मा गरिएको हलफनामा र बयानहरू पढेपछि कसैले पनि बुझ्न सक्छ कि मुख्यमन्त्री आफैं आफ्नो बयानमा अल्झिएका छन्।

**<u>पश्चिम बंगाल . प्रवर्तन निदेशालय</u>**

प्रवर्तन निर्देशनालयले हिज पश्चिम बङ्गालमा कोइला र बालुवासँग सम्बन्धित मनी लाउन्ड्रिंगको मामिलामा विभिन्न क्षेत्रहरूमा छापा मार्दा ठूलो मात्रामा नगद, सुन र कागजातहरू जफत गरेको छ। आसनसोल, दुर्गापुर, बर्धमान, पाण्डवेश्वर, काक्सा र कोलकातामा अझ खोजी भइरहेको छ। खोजी कार्य हिज बिहानदेखि सुरु भएको हो।

**<u>उच्च माध्यमिक चौथो सेमेस्टर परीक्षामा ठूलो बदलाव</u>**

पश्चिम बंगालमा उच्च माध्यमिक शिक्षा परिषद्ले सञ्चालन गरेको चौथो तथा अन्तिम सेमेस्टरको परीक्षा फेब्रुअरी १२ देखि सुरु हुँदैछ। परीक्षामा जम्मा नौ दिन मात्र बाँकी छ र परीक्षार्थीहरु अन्तिम चरणको तयारीमा जुटेका छन् । यसैबीचए काउन्सिलले

चौथो सेमेस्टर परीक्षाको प्रश्नपत्रको ढाँचाको बारेमा एक महत्त्वपूर्ण अपडेट जारी गरेको छए जसले विद्यार्थीहरूलाई ठूलो राहत दिने अपेक्षा गरिएको छ।
छात्रों पर परीक्षा का दबाव कम करने के उद्देश्य से उच्च माध्यमिक शिक्षा परिषद ने प्रश्नपत्रों में '२ग फॉर्मूला' लागू करने का फैसला लिया है।
यस नयाँ नियम अन्तर्गत कुनै पनि एकाइ वा विषयबाट अनिवार्य प्रश्नको जवाफ दिनुपर्ने प्रश्नको संख्याभन्दा दुई गुणा प्रश्न विकल्पको रूपमा दिइनेछ । उदाहरणका लागि पहिले जहाँ दुई प्रश्नको उत्तर दिनका लागि तीनवटा प्रश्न दिइन्थ्योए अब चार वटा प्रश्न दिइनेछए जसमध्ये परीक्षार्थीहरूले कुनै पनि दुई प्रश्नको उत्तर लेखेर लेख्न सक्नेछन् ।
परिषद् स्रोतका अनुसार चौथो सेमेस्टरका सबै विषयको परीक्षामा यो नियम लागू हुनेछ । प्रश्नपत्रको ढाँचा र परीक्षासँग सम्बन्धित विषयमा प्रधानाध्यापकहरूसँग हालै बसेको बैठकमा यो निर्णयलाई अन्तिम रूप दिइएको हो । परिषद्का अध्यक्ष चिरञ्जीव भट्टाचार्यको अध्यक्षतामा बैठक बसिएको थियो ।
उच्च माध्यमिक शिक्षा परिषद्का सचिव प्रियदर्शनी मल्लिकले विद्यार्थीको सुविधालाई ध्यानमा राखेर प्रश्न संख्या बढाउन लागिएको बताउनु भयो । यसले परीक्षार्थीलाई थप विकल्प दिनेछ र उनीहरूले आफ्नो तयारी अनुसार प्रश्नहरू छनौट गर्न सक्षम हुनेछन्।

**<u>मंगल पाण्डे</u>**

बिहारका स्वास्थ्य अनि कानून मन्त्री साथै बंगालका भाजपा प्रभारी मंगल पाण्डेले आगामी बिधान सभा चुनावको परिप्रेक्ष्यमा बंगालका मुख्यमन्त्री ममता बेनरजीको कडा आलोचना गरेका छन्द्य श्री पाण्डेले ममता बनर्जीलाई लोकतांत्रिक संस्थाहरु अनि व्यवस्था माथि विश्वास नरहेर बांग्लादेशी अवैध घुसपैठीहरुको भरमा सत्तामा रहेको आरोप लगाएका छन् द्य श्री पाण्डे ले यसपालिको लोकसभा चुनावमा मुख्यमन्त्री ममता बनेर्जीले हारको सामना गर्नुपर्नेछ भनि आफ्नो अडान राखेका छन्।

**<u>अरिबहादुर गुरुंगको सालिग दार्जीलिंग चौरस्तामा निर्माण गरिने:</u>**

सिलिगुडी देवकोटा संघले जीटिए अनि दार्जीलिंगए कालेबुंग नगरपालिका सित मिलेर भारतीय संविधानमा हस्ताक्षरकर्ता अरिबहादुर गुरुंगको पुर्नाग सालिग निर्माण गर्ने भएको छद्य सोहि अनुसार हिज दार्जीलिंग अनि कालेबुंग नगरपालिका प्रतिनिधिहरु लगायत सिलिगुडी देवकोटा संगका प्रतिनिधिहरुले दार्जीलिंगको चौरस्ता परिसरको भ्रमण गरेका छन् द्ययस भ्रमण अवधि सिलिगुडी देवकोटा संगका अध्यक्ष मिलन रुचालले यसबारे थप जानकारी दिएका छन्द्य
ठलजम

**<u>आगलागी</u>**

मगलबार राती लागेको अचानक लागेको आगलागीमा परि लिङिया मेरिबोङ ग्राम पन्चायतको वार्ड नम्बर २ को लम्बा धुरामा दुईवटा घर जलेर खरानी भएको खबर प्रकाशमा आएको छ। रातीको लगभग नौ बजेतिर लागेको आगलागीमा स्थानीय राफिस दर्नाल तथा आदित्य थापाको घर जलेर खरानी भएको स्थानीय वार्ड सदस्य निमेष सुब्बाले जानकारी गराएका छन। यसका साथमा स्थानीय गाउँवासीहरु सहयोगमा आगोलाई नियन्त्रणमा ल्याउदै अन्यत्र फैलनुबाट जोगाउन सफल भएको भए पनि दुईवटै घर बचाउन नसकिएको बताइएको छ। अर्कोतिर घटनाको खबर पाउनसाथमा क्षेत्रीय सभासद सन्दिप छेत्रीले स्थलगत भ्रमण गरि घटनाबारेमा संबंधित विभाग तथा जीटीए प्रशासनसामु जानकारी गराइसकेको बताइएको छ भने घटनाको वास्तविक कारण थाहा नलागेको तथा अनुसन्धान शुरु गरिएको थाहा लागेको छ। यस्तै घटनाको बिवरण वार्ड सदस्य निमेष सुब्बाले ग्राम पन्चायत कार्यलय अनि खण्ड बिकास कार्यलय लगायत सम्बन्धित निकायलाई दिई सकेको समेत बताएका छन।

**<u>मौसम</u>**

मौसम विभागले आज दिल्ली, पञ्जाब, हरियाणा, चण्डीगढ, हिमाचल प्रदेश र मध्य प्रदेशमा बाक्लो कुहिरो लाग्ने पूर्वानुमान गरेको छ। बिहार, उत्तर प्रदेश, उत्तराखण्ड, पश्चिम बंगाल र सिक्किममा पनि यस्तै अवस्था आउने प्रक्षेपण विभागले गरेको छ। आगामी ४८ घण्टाको अवधिमा महाराष्ट्रको न्यूनतम तापक्रम क्रमशः दुईदेखि तीन डिग्री सेल्सियसले बढ्न सक्ने मौसम विभागले जनाएको छ।

****** ० ******